आन्तरिक मामिला,कानून तथा सहकारी मन्त्रालय सँग सम्बन्धित सार्वजनिक विवरण

प्रदेश सुचनाको हक सम्बन्धी ऐन, २०७६ को दफा ५(२) को प्रयोजनार्थ
(२०८३ साउन देखि २०८३ कार्तिक मसान्त सम्म)



आन्तरिक मामिला,कानून तथा सहकारी मन्त्रालय
बागमती प्रदेश
मङसिर, २०८३

१. मन्त्रालयको संक्षिप्त परिचय

१.१ मन्त्रालयको पृष्ठभूमि

मिति २०८३ साउन १ गतेदेखि लागू हुने गरी साविक आन्तरिक मामिला तथा कानून मन्त्रालय र सहकारी तथा गरिबी निवारण मन्त्रालयको सहकारीसम्बन्धी कार्यक्षेत्र समायोजन भई आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय गठन भएको छ। यस प्रतिवेदनमा आर्थिक वर्ष २०८२/८३ मा साविक दुवै मन्त्रालय र मातहतका निकायबाट सम्पादित कार्य तथा बजेट कार्यान्वयनको विवरण समेटिएको छ। साविक आन्तरिक मामिला तथा कानून मन्त्रालयको कार्यक्षेत्रमा शान्ति सुरक्षा, विपद् व्यवस्थापन, कानून, सूचना तथा सञ्चार र प्रदेश सभा मामिला रहेका थिए। साविक सहकारी तथा गरिबी निवारण मन्त्रालयको कार्यक्षेत्रमा सहकारीको दर्ता, नियमन, प्रवर्द्धन, क्षमता विकास तथा गरिबी निवारणसम्बन्धी कार्यक्रम रहेका थिए।

हाल आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय अन्तर्गत प्रदेश सञ्चार रजिष्ट्रारको कार्यालय, प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय, प्रदेश सहकारी तालिम केन्द्र र अस्थायी प्रकृतिको बागमती प्रदेश समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय रहेका छन।

१.२ उद्देश्य

- शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्ने।
- नेपालको संविधानद्वारा प्रत्याभूत नागरिक स्वतन्त्रता, विधिको शासन, मानव अधिकार लगायत लोकतान्त्रिक मूल्य र मान्यताको संरक्षण एवं संवर्द्धन गर्ने।
- पारदर्शिता तथा सुशासनको लागि सूचना प्रविधिमैत्री शासन व्यवस्था सञ्चालन गर्ने।
- प्रदेश सरकारको लागि आवश्यक पर्ने कानूनहरूको निर्माण गरी लोकतन्त्रको संरक्षण गर्ने।
- सहकारीमा सुशासन मार्फत बचत, लगानी, उत्पादन र रोजगारीमा वृद्धि गर्दै दिगो आर्थिक स्थायित्व कायम गर्ने

१.३ लक्ष्य

जनताको चाहना र आवश्यकता अनुरूप प्रदेशमा भरपर्दो शान्ति सुरक्षा एवम् सुव्यवस्था कायम गरी विधिको शासन एवम् प्रविधिमैत्री वातावरण सृजना गरी शासकीय प्रबन्ध मिलाउनु साविक आन्तरिक मामिला तथा कानून मन्त्रालयको लक्ष्य रहेको छ भने सहकारीका मूल्य, मान्यता र सिद्धान्त अनुरूप छरिएर रहेको पूँजी, प्रविधि, प्रतिभा र सीपलाई एकीकृत गर्दै समृद्धिको लागि उत्पादन र सेवा व्यवसायको माध्यमबाट सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास गर्न प्रदेश स्तरमा सहकारी सङ्घ तथा संस्थाहरूको दर्ता, सञ्चालन तथा नियमन गर्दै प्रदेशबाट सबै किसिमका गरिबी हटाउने लक्ष्य साविक सहकारी तथा गरिबी निवारण मन्त्रालयको रहेको छ।

१.४ कार्यजिम्मेवारी

मिति २०८३ साउन १ गतेदेखि लागू भएको कार्यविभाजनअनुसार आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालयका कार्यजिम्मेवारी देहायबमोजिम छन्। यो विवरण मन्त्रालयको हालको कार्यक्षेत्र बुझाउन समावेश गरिएको हो। आर्थिक वर्ष २०८२/८३ को प्रगति भने सो अवधिमा साविक दुवै मन्त्रालयलाई तोकिएको कार्यजिम्मेवारीका आधारमा प्रस्तुत गरिएको छ।

सि.नं.	कार्य जिम्मेवारी
१.	प्रदेश शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र सो विषयमा सङ्घसँगको समन्वय र सहकार्य
२.	अतिविशिष्ट व्यक्ति, महत्त्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा
३.	प्रदेशभित्र भ्रमणमा रहेका अतिविशिष्ट व्यक्ति र विशिष्ट व्यक्तिहरूको सुरक्षा समन्वय
४.	सङ्घीय र प्रदेश सुरक्षा निकायसँगको सम्पर्क, सम्बन्ध, सूचना आदान प्रदान र समन्वय
५.	सङ्घीय कानून बमोजिम प्रदेश प्रहरी सञ्चालन, व्यवस्थापन र नियमन
६.	प्रदेशभित्रको अपराध अनुसन्धान, सूचना सङ्कलन, रोकथाम, नियन्त्रण तथा समन्वय
७.	प्रदेश सभा मामिला
८.	प्रदेश सभामा पेस हुने विधेयक, अध्यादेश, तथा प्रदेश सरकारबाट जारी हुने नियम, आदेश, निर्देशिका एवम् कार्यविधिको सहमति
९.	अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा हुने अपराध र गतिविधिको सूचना सङ्कलन, विश्लेषण र उपयोग तथा अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सहयोग
१०.	आधारभूत मानव अधिकारको संरक्षण, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रवर्द्धनमा सहयोग
११.	प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षा, एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा वा कैदीको स्थानान्तरण
१२.	सामुदायिक प्रहरी
१३.	प्रदेशभित्र न्यायिक र अर्ध न्यायिक निकायले गरेका फैसला कार्यान्वयन
१४.	प्रदेशभित्रका गैरसरकारी सङ्घ, संस्थाहरूको अभिलेख र समन्वय
१५.	गुनासो र विवाद व्यवस्थापन
१६.	सङ्घीय मापदण्ड बमोजिम हातहतियार, खरखजाना तथा विस्फोटक पदार्थको नियमन
१७.	फौजदारी कार्यविधि कानूनको कार्यान्वयन
१८.	अपराध तथा यातना पीडितको पुनर्स्थापना र क्षतिपूर्ति
१९.	निवारक नजरबन्द र स्थानहद सम्बन्धी
२०.	अन्तरप्रदेश सुरक्षा सम्बन्ध
२१.	सरकारी प्रयोजनको लागि जग्गा अधिग्रहण तथा सम्पत्ति प्राप्ति सम्बन्धी प्रदेश नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन तथा जग्गा विवाद समाधान
२२.	स्थानीय प्रशासनको सञ्चालन, व्यवस्थापन र समन्वय
२३.	पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, टुहुरा, धर्मपुत्र, धर्मपुत्री,

सि.नं.	कार्य जिम्मेवारी
	उत्तराधिकार र संयुक्त परिवार) सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन
२४.	विपद् व्यवस्थापन, जोखिम न्यूनीकरण र विपद् प्रतिकार्य सम्बन्धी कार्य
२५.	प्रदेश सरकारले दिने उपाधि, सम्मान तथा विभूषणको सिफारिस
२६.	प्रदेशस्तरमा सार्वजनिक समारोह, बिदा, उत्सव, उर्दी आदिको व्यवस्थापन
२७.	प्रदेशस्तरमा दिगो शान्ति व्यवस्थापन तथा द्वन्द्वबाट पीडित तथा विस्थापित व्यक्तिको पुनर्स्थापना
२८.	सत्य निरूपण तथा मेलमिलाप र बेपत्ता पारिएका व्यक्ति सम्बन्धी
२९.	प्रदेशस्तरको विद्युतीय सञ्चार माध्यम सञ्चालन (रेडियो, एफ. एम. तथा टेलिभिजन समेत) सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन तथा अनुमति, इजाजत र नवीकरण
३०.	प्रदेशस्तरमा तारयुक्त र तारररहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन
३१.	प्रदेशस्तरमा सूचना प्रविधिको प्रवर्द्धन, सूचना प्रविधि पार्कको निर्माण, सञ्चालन र नियमन
३२.	प्रदेशभित्र टेलिसेन्टर सञ्चालन, व्यवस्थापन र नियमन
३३.	प्रदेशस्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता, अभिलेख, अनुमति, नवीकरण, अनुगमन र नियमन
३४.	साइबर सुरक्षा अनुगमन
३५.	प्रदेश सरकार अन्तर्गतका निकायहरूमा सफ्टवेयरको निर्माण र प्रयोगको अनुगमन, नियमन र सञ्जालीकरण
३६.	छापासञ्चार माध्यमको दर्ता, अनुमति, आचार संहिता निर्धारण र अनुगमन, अभिलेखाङ्कन, वर्गीकरण, सञ्चालन र नियमन
३७.	प्रेस सूचना प्रवाह, सूचना सामग्रीको उत्पादन, प्रकाशन र वितरण
३८.	श्रमजीवी सञ्चारकर्मीहरूको न्यूनतम पारिश्रमिक अनुगमन
३९.	प्रदेशस्तरीय सञ्चार रजिष्ट्रार
४०.	केबुल वितरणको इजाजत, नवीकरण र नियमन
४१.	सूचनाको हक सम्बन्धी प्रदेशको नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन
४२.	चलचित्र निर्माण, हल सञ्चालन तथा प्रदर्शन अनुमति र नियमन
४३.	प्रदेश राजपत्रमा प्रकाशन हुने सूचनाको सम्पादन तथा प्रदेश राजपत्र प्रकाशन
४४.	प्रदेश कानूनको प्रकाशन र वितरण
४५.	प्रदेश सरकारलाई आवश्यक पर्ने कानून तथा कानूनी लिखतको अनुवाद
४६.	प्रदेश कानूनको एकीकरण र संहिताकरण
४७.	नेपाल सरकारको सहमति लिई प्रदेश मन्त्रिपरिषद्ले गरेको आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौताको अभिलेखीकरण, प्रकाशन
४८.	व्यक्तिगत घटना जन्म, मृत्यु, विवाह र तथ्याङ्क सम्बन्धी कार्य
४९.	सम्पत्ति प्राप्ति, अधिग्रहण र अधिकार क्षेत्रको सिर्जना
५०.	सहकारी संस्था, सहकारी सङ्घ तथा सहकारी बैंक सम्बन्धी नीति, कानून तथा मापदण्डको तर्जुमा र कार्यान्वयन

सि.नं.	कार्य जिम्मेवारी
५१.	सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी प्रदेश मापदण्ड निर्धारण र नियमन
५२.	सहकारी सम्बन्धमा सङ्घीय, अन्तरप्रादेशिक र स्थानीय तहका सङ्घ संस्थासँग समन्वय र सहकार्य
५३.	सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धन, क्षमता अभिवृद्धि र परिचालन
५४.	प्रदेशभित्र सहकारी संस्थाको दर्ता, नियमन, प्रशिक्षण तथा अनुगमन
५५.	आर्थिक विकासमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँगको समन्वय र सहकार्य (सहकारी क्षेत्र)
५६.	प्रदेश सरकारले गर्नुपर्ने तर कुनै मन्त्रालयलाई नतोकिएको कार्य

१.५ संगठन संरचना र दरबन्दी तेरिजः

१.५.१ संगठन संरचना मन्त्रालयतर्फको

अनुसूचीहरूः अनुसूची -१ सङ्गठन संरचना, अनुसूची -२ दरबन्दी तेरिज

१.१ आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालयको संगठन संरचना



१.५.२ दरबन्दी तेरिज

२.१ आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालयको दरबन्दी तेरिज

प्रमुख सचिव

क्र. सं.	पदनाम	सेवा(समूह)	श्रेणी/तह	स्वीकृत दरबन्दी		जम्मा	थप	घट	प्रस्तावित	कैफियत
				आन्तरिक मामिला तथा कानून	सहकारी तथा गरिबी निवारण					
१	प्रदेश सचिव	प्रशासन	रा.प.प्रथम	१	१	२	-	१	१	
२	उपसचिव/वरिष्ठ उपसचिव	प्रशासन/सा.प्र	नवौं/दशौं	३	२	५	-	२	३	
३	उपसचिव (कानून)	न्याय/कानून	रा.प.द्वितीय	१		१	-	-	१	
४	शाखा अधिकृत/वरिष्ठ शाखा अधिकृत	प्रशासन/सा.प्र	सातौं/आठौं	६	६	१२	-	५	७	
५	लेखा अधिकृत/वरिष्ठ लेखा अधिकृत	प्रशासन/लेखा	सातौं/आठौं	१	१	२	-	१	१	
६	कानून अधिकृत	न्याय/कानून	रा.प.तृतीय	२	-	२	-	-	२	
७	कम्प्युटर ईन्जिनियर/वरिष्ठ कम्प्युटर ईन्जिनियर	प्रदेश इन्जिनियरिङ/सूचना प्रविधि	सातौं/आठौं	१	-	१	-	-	१	
८	नायव सुब्बा/सहायक अधिकृत	प्रशासन/सा.प्र	पाँचौं/छैठौं	८	५	१३	-	४	९	
९	लेखापाल/सहायक लेखा अधिकृत	प्रशासन/लेखा	पाँचौं/छैठौं	१	-	१	-	-	१	
१०	कम्प्युटर अपरेटर/सहायक कम्प्युटर अधिकृत	प्रशासन/विविध	पाँचौं/छैठौं	४	२	६	-	२	४	
११	हलुका सवारी चालक	ईन्जिनियरिङ (मे/ज.मे)	तहविहिन	४	४	८	-	३	५	
१२	कार्यालय सहयोगी	प्रशासन/सा.प्र	तहविहिन	६	६	१२	-	५	७	
जम्मा				३८	२७	६५	-	२३	४२	

२.मन्त्रालयबाट प्रदान गरिने सेवा:

बागमती प्रदेश सरकार कार्यविभाजन नियमावली, २०८० ले तोकेको कार्यक्षेत्र अन्तरगतका कार्यहरु मन्त्रालयको संगठन संरचना र सो अनुसार कार्यजिम्मेवारी तोकिएका अधिकारीहरुबाट प्रवाह हुने गरेको। मन्त्रालयले विशेषगरि कानून निर्माण, शान्ति सुरक्षा, विपद् व्यवस्थापन, सुचना तथा सञ्चार, सहकारी र प्रदेश सभा मामिला सम्बन्धि क्षेत्रमा कार्य गर्ने गर्दछ।

३.सेवा प्रदान गर्ने निकायको महाशाखा/ शाखा र जिम्मेवार कर्मचारी:

क्र.सं.	सचिवालय/महाशाखा/शाखा	कर्मचारीको नाम	पद
क	माननीय मन्त्रीज्यूको सचिवालय		
ख	श्रीमान सचिवज्यूको सचिवालय	धनमाया लम्साल	सहायक कम्प्युटर अधिकृत

क्र.सं.	सचिवालय/महाशाखा/शाखा	कर्मचारीको नाम	पद
१.	प्रशासन, योजना तथा अनुगमन	**पदम ओझा**	**उपसचिव**
		रबिता कार्की	वरिष्ठ शाखा अधिकृत
		शर्मिला कुमारी सिजापती	शाखा अधिकृत
		उमेश सोती	सहायक कम्प्युटर अधिकृत
		अनिमेष पौडेल	नायब सुब्बा
		तलुलसा बुढाथोकी	नायब सुब्बा
		सम्झना दुलाल	खरिदार
	आर्थिक प्रशासन शाखा	जनार्दन मिश्र	लेखा अधिकृत
		सम्झना महत	लेखापाल
२.	कानून तथा प्रदेश सभा मामिला	**मदन प्रसाद शिवाकोटी**	**उपसचिव**
		अनुसुया भट्टराई	कानून अधिकृत
		लोकराज पौडेल	नायब सुब्बा
		लुना पोखरेल	कानून अधिकृत
		रुद्र कुमारी श्रेष्ठ	सहायक कम्प्युटर अधिकृत
३	**शान्ति सुरक्षा तथा विपद् व्यवस्थापन**		
३.१	शान्ति सुरक्षा	पदम ओझा	उपसचिव
		शिवराम बोहोरा	शाखा अधिकृत
		कृष्ण कुमारी खरेल	शाखा अधिकृत
		विकास भट्टराई	नायब सुब्बा
		गोविन्द रेग्मी	नायब सुब्बा
३.२	विपद् व्यवस्थापन	अनिता तामाङ	उपसचिव
		हेमराज संज्याल	शाखा अधिकृत
		किशोर तामाङ	नायब सुब्बा
		युबराज शाही	नायब सुब्बा
४	सहकारी तथा सञ्चार	अनिता तामाङ	उपसचिव
		विनिता भण्डारी	वरिष्ठ शाखा अधिकृत
		नारायणी भट्टराई	शाखा अधिकृत
		भाष्कर घिमिरे	सहायक अधिकृत
		दीपक सार्की	नायब सुब्बा
		धर्मराज गुप्ता	कम्प्युटर अपरेटर

४.सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

सुचनाको हक सम्बन्धी ऐन तथा नियममा भएको व्यवस्था बमोजिम ।

५.निर्णय गर्ने प्रक्रिया र अधिकारी

क. निर्णय प्रक्रिया सम्बन्धमा।

विषयगत मन्त्रालय/निकायहरु, लगायत अन्य सरोकारवाला निकायहरुबाट प्राप्त पत्रहरु माननीय मन्त्रीज्यू वा कार्यालय प्रमुख (श्रीमान सचिवज्यू) बाट तोकादेश भएबमोजिम सम्बन्धित महाशाखा/शाखा मार्फत कार्यान्वयनको प्रक्रिया अगाडि बढाईने।

ख. निर्णय गर्ने अधिकारी।

- माननीय आन्तरिक मामिला तथा कानून मन्त्रीस्तरबाट।
- अख्तियारी बमोजिम सचिवस्तरबाट।
- अख्तियारी बमोजिम उपसचिवस्तरबाट ।

६.निर्णय उपर उजुरी सुन्ने अधिकारीः

- कार्यालय प्रमुखः श्री महेश भट्टराई।

७.मन्त्रालयबाट सम्पादन भएका कार्यहरु (साउन देखि कार्तिक मसान्तसम्म)

प्रशासन तर्फ

- संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८३ प्रदेशस्तरमा विभिन्न कार्यक्रमहरु संचालन गरि भव्यताका साथ मनाईएको।
- आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रगति समिक्षा तथा मन्त्रालयगत विकास समस्या समाधान समितिको बैठक सम्पन्न।
- मन्त्रालयको आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रगति प्रतिवेदन तयार गरि वेवसाईटमा प्रकाशन गरिएको।
- प्रदेश सभा सचिवालयको संसदीय दलको कार्यसंचालनमा सहजीकरण गर्न कुल १० जना , प्रदेश सभाको बैठकलाई सरकारी कामकाजको तामाङ र नेपाल भाषामा अनुवाद गर्नका लागि १।१ अनुवादक गरी कुल १२ जनाको अस्थायी दरबन्दी स्वीकृत गरिएको।
- कार्यालय तथा कर्मचारी व्यवस्थापनका सम्बन्धी कार्य गरिएको।

- माननीय मुख्यमन्त्रीज्यू र श्रीमान सचिवज्यू; श्रीमान सचिवज्यू र महाशाखा प्रमुखज्यू/मातहतका कार्यालयका प्रमुखहरुबीच कार्यसम्पादन करार सम्झौता गरिएको।

विपद् व्यवस्थापन तर्फ

- **ल्हेन्दे-भोटेकोशी-त्रिशुली नदी प्रणालीमा आएको बाढी पश्चात तत्काल उद्धार, राहत तथा अन्य व्यवस्थापकीय कार्य सम्पन्न**
    - खोज तथा उद्धार र राहत वितरणमा समन्वय र सहकार्य गरिएको,
    - विपद्मा उद्धार गरिएका तथा यात्राको क्रममा अलपत्र यात्रुलाई निःशुल्क यातायात सुविधा उपलब्ध गराईएको,
    - विपद्बाट घाईतेको उद्धारका लागि एम्बुलेन्स र मृतकको शव व्यवस्थापनका लागि शववाहनको बन्दोवस्ती मिलाएको,
    - उर्जा आपूर्ति अवरूद्ध हुँदा अस्पतालको सेवा तथा टेलिफोन नेटवर्कमा आएको अवरोधलाई अन्त्य गर्न वैकल्पिक उर्जा आपूर्तिका लागि आवश्यक ईन्धनको व्यवस्था गरिएको,
    - एम्बुलेन्स तथा मर्मतमा खटिएका हेभी ईक्वीपमेन्ट सञ्चालनका लागि आवश्यक ईन्धन व्यवस्था गरिएको,
    - विपद्बाट क्षतिग्रस्त मार्गको आपतकालिन मर्मतसम्भारको अलावा वैकल्पिक मार्गको मर्मत तथा स्तरोन्नती गरी आवागमन सुचारु बनाईएको,
    - वैकल्पिक पहुँच स्थापित गर्न २ वटा जिपलाईन र ५ वटा तुईन निर्माण गरी आवागमनलाई सुचारू बनाउन सहजीकरण गरिएको,
    - विपद् पश्चात उद्धार गरिएका नागरिकहरूको उपयोगका लागि तत्काल ५० सेट टेन्ट, २८० सेट त्रिपाल र १७० सेट गैरखाद्य राहत सामग्रीहरु उपलब्ध गराईएको,
    - सङ्कटग्रस्त १२ स्थानीय तहको स्थानीय विपद् व्यवस्थापन कोषमा कुल रु. २ करोड ५० लाख राहत रकम वितरण प्रयोजनका लागि उपलब्ध गराईएको,
    - विपद्बाट सिर्जित जोखिमको न्यूनीकरण तथा पुनर्निर्माणका लागि रसुवाको नौकुण्ड गाउँपालिकालाई रु. ४० लाख र गोसाइकुण्ड गाउँपालिकालाई रु. २५ लाख अनुदान उपलब्ध गराईएको,
- **ल्हेन्दे-भोटेकोशी-त्रिशूली नदी प्रणालीको बाढीबाट पुगेको मानवीय, भौतिक तथा सामाजिक क्षतिको एकीकृत प्रारम्भिक प्रतिवेदन - २०८३ तयार गरिएको।**

- राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) को नेतृत्वमा सम्पादित व्यवस्थापकीय कार्य तथा राष्ट्रिय योजना आयोगको नेतृत्वमा बनाउँदै गरिएको Post-Disaster Need Assessment (PDNA) Report तयारीमा मन्त्रालयको तर्फबाट कर्मचारी खटाउनुका साथै आवश्यक विवरण उपलब्ध गराईएको,
- विपद् जोखिम न्यूनीकरणका लागि सम्भाव्य विपद्को पूर्व सूचना प्रवाह तथा विपद् पूर्वको अन्य व्यवस्थापकीय पूर्वतयारी सम्बन्धी कार्य गरिएको,
- प्रदेश विपद् व्यवस्थापन परिषद्को बैठक २ पटक, प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको बैठक १ पटक र सरोकारवाला जनप्रतिनिधि तथा पदाधिकारीहरूसँग विपद् व्यवस्थापनसम्बन्ध समन्वय बैठक (अन्तरक्रिया) १ पटक आयोजना गरिएको।

शान्ति सुरक्षा तथा कारागार व्यवस्थापन तर्फ

- नेपाल प्रहरी र मातहतका कार्यालयको भौतिक संरचना सुदृढीकरणका लागि कुल १३ करोड २ लाख अख्तियारी प्रदान।
- सशस्त्र प्रहरी बल नेपाल र मातहतका कार्यालयको भौतिक संरचना सुदृढीकरणका लागि २५ लाख र विपद् सम्बन्धी क्षमता विकासका लागि ३५ लाख रकम अख्तियारी प्रदान।

कानून तर्जुमा तथा राजपत्र प्रकाशन तर्फ

- कार्यविधि- १, मापदण्ड —१, अनुसूची हेरफेर -२, अन्य सूचना-२ गरी कुल ६ वटा प्रदेश राजपत्रमा प्रकाशन गरिएको।
- विधेयक-१, नियमावली-१, निर्देशिका- १, कार्यविधि-१, मापदण्ड- २ गरी कुल ६ वटा कानूनमा राय/सहमति प्रदान गरिएको।
- फिक्कल गाउँपालिका, सिन्धुली, इच्छाकामना गाउँपालिका, चितवन, मेलुङ गाउँपालिका, दोलखा, र जुगल तथा लिसंखुपाखर गाउँपालिका, सिन्धुपाल्चोकको रिक्त स्थानीय न्यायिक सहजकर्ता नियुक्तिका लागि सिफारिस गरिएको।
- प्रदेश सूचना पुनरावेदन समितिको आयोजनामा हेटौंडामा सूचनाको हक प्रवर्धनसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको।
- ७४ स्थानीय तह (बागमती प्रदेशभित्रका गाँउपालिका) का स्थानीय न्यायिक सहजकर्ताहरुलाई न्यायिक समितिको काम कारवाहीमा सहजीकरणका लागि गोदावरी ललितपुरमा अभिमुखीकरण कार्यक्रम संचालन गरिएको।
- विद्यालयस्तरमा कानूनी सचेतना कार्यक्रम सिन्धुलीको हरिहरपुरगढीमा सम्पन्न गरिएको।

सहकारी तर्फ

- सहकारी क्षेत्र प्रवर्धन सम्बन्धी लागत साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३ स्वीकृत भई कार्यान्वयनमा आएको।
- सहकारी क्षेत्रको सुधारमा समन्वय र साझेदारीका लागि बागमती प्रदेश सहकारी सङ्घ, बागमती प्रदेश बचत तथा ऋण सहकारी सङ्घ, बागमती प्रदेश कृषि सहकारी सङ्घ, १२ वटा जिल्ला सहकारी सङ्घहरू र ४६ वटा विषयगत जिल्ला सहकारी सङ्घका पदाधिकारी तथा कर्मचारीसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको।

प्रवक्ता र सुचना अधिकारीको विवरणः

प्रवक्ताको विवरणः

नामः अनिता तामाङ
पदः उपसचिव
महाशाखाः सहकारी तथा संचार समन्वय महाशाखा
विपद् व्यवस्थापन क्षेत्र

सूचना अधिकारीको विवरणः

नामः रबिता कार्की
पदः वरिष्ठ शाखा अधिकृत
शाखाः प्रशासन तथा आन्तरिक व्यवस्थापन शाखा

८.सुचना माग सम्बन्धि कार्यालयमा प्राप्त निवेदन

यस प्रतिवेदनको अवधि (२०८३ साउन देखि २०८३ कार्तिक मसान्तसम्म) लिखित निवेदन प्राप्त नभएको।

९.मन्त्रालयसँग सम्बन्धित ऐन, नियम, कार्यविधि, निर्देशिकाको विवरणः

आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालयले आफुलाई तोकिएको कार्यजिम्मेवारी वहन गरी कार्यसम्पादन गर्न मन्त्रालयसँग प्रत्यक्ष रुपमा सम्बद्ध विभिन्न कानुनहरू तर्जुमा गरेको छ। यसका साथै वार्षिक रुपमा स्वीकृत कार्यक्रम कार्यान्वयनका लागि समेत मन्त्रालयले विभिन्न कार्यविधि, मापदण्ड, योजनाहरू तर्जुमा गरेको छ। जुन निम्नानुसार रहेको छ।

ऐन

- प्रदेश स्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण ऐन,२०७४
- प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५
- प्रदेश विपद् व्यवस्थापन ऐन,२०७५ (दोस्रो संशोधन २०८०)
- प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५
- विभूषण सिफारिस तथा सम्मान र पदक सम्बन्धी ऐन,२०७६
- बागमती प्रदेश सहकारी ऐन, २०७६
- प्रदेश प्रहरी ऐन, २०७७
- प्रदेश अनुसन्धान ब्युरो ऐन, २०७९

नियमावली

- बागमती प्रदेशको प्रदेश सभा नियमावली, २०७४
- प्रदेश सञ्चार माध्यम व्यवस्थापन नियमावली, २०७६
- बागमती प्रदेश सहकारी नियमावली, २०७६

निर्देशिका/कार्यविधि/मापदण्ड

- प्रदेश राजपत्र प्रकाशन सम्बन्धी निर्देशिका, २०७६
- प्रदेशका विशिष्ट व्यक्तिहरूको सुरक्षामा खटिने सुरक्षाकर्मीलाई पोसाक सुविधा प्रदान गर्ने मापदण्ड सम्बन्धी कार्यविधि, २०७८
- सम्मान र पदक प्रदान गर्ने मापदण्ड, २०७८
- प्रदेश गोदामघर व्यवस्थापन कार्यविधि,२०७९
- आन्तरिक नियन्त्रण प्रणाली, २०७९
- प्रदेश विपद् व्यवस्थापन कोष परिचालन सम्बन्धी कार्यविधि, २०८०
- बागमती प्रदेश विज्ञापन (नियमन गर्ने) निर्देशिका, २०८२
- सहकारी एकीकरण सम्बन्धी कार्यविधि, २०८२
- सङ्घ वा संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्यविधि, २०८२
- स्थानीय न्यायिक सहजकर्ता (नियुक्ति तथा परिचालन) कार्यविधि, २०८३
- सहकारी क्षेत्र प्रवर्धन सम्बन्धी लागत साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३

१०. मन्त्रालयको वेवसाईट तथा ई-मेल:

यस मन्त्रालयको वेवसाईट तथा ईमेल निम्नअनुसार रहेको छ।

वेवसाईट: moial.bagamati.gov.np

ई-मेल: moial@bagamati.gov.np

माथि उल्लेखित वेवसाईटमा यस कार्यालयसँग सम्बन्धित सम्पुर्ण सुचना तथा जानकारी एवं नीति नियमहरु उपलब्ध रहेका छन।

११. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

क. राजस्व संकलनको अवस्था

यस मन्त्रालयतर्फ चालु आर्थिक वर्ष २०८२/८३ को साउन देखि २०८३ कार्तिक मसान्त सम्म राजस्व संकलन नभएको।

ख. मन्त्रालयको वार्षिक बजेट र खर्च विवरण

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेशको आर्थिक वर्ष २०८३/८४ को साउन देखि २०८३ कार्तिक मसान्तसम्मको खर्च तथा आर्थिक कारोबार सम्बन्धी विवरण निम्नानुसार रहेको छ।

रकम रु. हजारमा

क्र.सं.	बजेटको किसिम	बजेट	खर्च	खर्च प्रतिशत	कैफियत
१.	चालु	३१९९०१	११९८१८	३७.४५	मन्त्रालयको मात्र।
२.	पुँजीगत	२२७८५०	१८६९६	८.२१	
जम्मा		**५४७७५१**	**१३८५१४**	**२५.२९**	

स्रोत: प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली(PLMBIS), बागमती प्रदेश।

ग. खर्च शीर्षक अनुसार आन्तरिक मामिला तथा कानून मन्त्रालयको खर्च विवरण (आर्थिक वर्ष २०८३/८४ को साउन महिना देखि कार्तिक मसान्तसम्मको)

रकम रु. हजारमा

खर्च संकेत नं.	खुद बजेट	खर्च	खर्च प्रतिशत
२१११११ पारिश्रमिक कर्मचारी	३४६०२	९५९१.४२	२७.७२
२११२१ पोशाक	१५६०	०	०.००
२११३२ महंगी भत्ता	३३६०	९६५	२८.७२
२११३४ कर्मचारीको बैठक भत्ता	८००	१७०	२१.२५
२११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार	४२२७	५७२.०७	१३.५३
२११३९ अन्य भत्ता	१०३	०	०.००
२११४१ पदाधिकारी बैठक भत्ता	१००	०	०.००
२१२१२ योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च	११२९	११०.०७	९.७५
२१२१३ योगदानमा आधारित बीमा कोष खर्च	१७३	५८.९८	३४.०९
२२१११ पानी तथा बिजुली	२०८६	१७१.९५	८.२४
२२११२ संचार महसुल	५२२	१६१.९१	३१.०२
२२२११ इन्धन (पदाधिकारी)	१००	९.९	९.९०
२२२१२ इन्धन (कार्यालय प्रयोजन)	२३९३	५३३.७२	२२.३०
२२२१३ सवारी साधन मर्मत खर्च	२७५०	६७६.०८	२४.५८
२२२१४ बिमा तथा नवीकरण खर्च	७५०	०	०.००
२२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च	१८४०	११६.२२	६.३२
२२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च	७००	५.७७	०.८२
२२३११ मसलन्द तथा कार्यालय सामाग्री	२४००	४२२.६२	१७.६१

खर्च संकेत नं.	खुद बजेट	खर्च	खर्च प्रतिशत
२२३१४ इन्धन - अन्य प्रयोजन	२५०	०	०.००
२२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च	२१८०	५१.१६	२.३५
२२३१९ अन्य कार्यालय संचालन खर्च	९५०	१५२.२४	१६.०३
२२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च	३००	०	०.००
२२४१३ करार सेवा शुल्क	८३६६	२५१२.३१	३०.०३
२२५११ कर्मचारी तालिम खर्च	१६५०	०	०.००
२२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च	२६४००	०	०.००
२२५२२ कार्यक्रम खर्च	५९३५०	११८५.०९	२.००
२२५२९ विविध कार्यक्रम खर्च	१३१२१०	१०११३६.४६	७७.०८
२२६११ अनुगमन, मूल्यांकन खर्च	१९००	३३६.२	१७.६९
२२६१२ भ्रमण खर्च	१५०	२२	१४.६७
२२७११ विविध खर्च	१३००	३२५.९८	२५.०८
२६४१२ सरकारी निकाय, समिति एवं बोर्डहरूलाई सःसर्त चालु अनुदान	२५०००	०	०.००
२८१४२ घर भाडा	१०००	४१०	४१.००
२८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा	३००	१२०.५	४०.१७
चालु जम्मा	**३१९९०१**	**११९८१८**	**३७.४५**
३१११२ गैर आवासीय भवन निर्माण/खरिद	१२६०८१	१६९९७.१४	१३.४८
३११२१ सवारी साधन	३५००	०	०.००
३११२२ मेशिनरी तथा औजार	३९६९	०	०.००
३११२३ फर्निचर तथा फिक्चर्स	४४००	५३०.९६	१२.०७
३११४१ सुरक्षा उपकरण प्राप्ति खर्च	६८०००	०	०.००

खर्च संकेत नं.	खुद बजेट	खर्च	खर्च प्रतिशत
३११५९ अन्य सार्वजनिक निर्माण	३७००	११६७.५८	३१.५६
३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च	१८२००	०	०.००
पुजीगत जम्मा	**२२७८५०**	**१८६९६**	**८.२१**
चालु र पुजीगत जम्मा	**५४७७५१**	**१३८५१३.३३**	**२५.२९**

स्रोत: प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली(PLMBIS), बागमती प्रदेश।